# सर्लाही जिल्ला अदालतको सूचना

मिति २०७८।१०।०७

नोवल कोरोना भाईरस (कोभिड-१९) का ओमिक्रोन लगायतका विभिन्न भेरिएन्टका कारण विषम् र असहज परिस्थिति उत्पन्न भई अदालतमा कार्यरत जनशक्तिमा सोको संक्रमण देखिएको सन्दर्भमा अदालतको कार्य प्रकृति अनुसार अदालतमा हुने सेवाग्राहीको उपस्थिति र भिडभाडलाई आवश्यक व्यवस्थापन गरी सेवाग्राही, अदालतमा कार्यरत जनशक्ति, कानून व्यवसायी एवं अदालतमा आउने सरोकारवालाहरूको स्वास्थ्य सुरक्षा तथा कोभिड संक्रमणको जोखिम न्यूनीकरण गर्न सर्वोच्च अदालतको च.नं.८१० मिति २०७८।१०।०४ को पत्रबाट सम्बन्धित अदालतले आवश्यक व्यवस्था मिलाउने भनी लेखि आएको समेतको सन्दर्भमा सहायक जिल्ला न्यायाधिवक्ता र जिल्ला वार सर्लाहीका अध्यक्ष समेतको उपस्थितिमा यस अदालतको आकष्मिक पूर्ण बैठक बसी छलफल गरी स्वास्थ्य सुरक्षा र कोभिड-१९ रोग संक्रमणको जोखिम न्यूनीकरण गर्न मिति २०७८।१०।०९ देखि मिति २०७८।१०।१८ गते सम्मको लागि यस अदालतमा हुदै आएको नियमित काम कारवाहीमा संकुचन गरी देहाय बमोजिमको काम कारवाही तथा सेवाहरू मात्र प्रवाह गर्ने निर्णय गरियो ।

<u>देहायः</u>

१. पक्राउ पूर्जी अनुमति, जरुरी पक्राउ पूर्जीको स्वीकृति, अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्ने अनुमति दिने (म्याद थप), कल डिटेल समेतको अनुमति दिने,
२. फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अन्तर्गतका निवेदन र बन्दीप्रत्यक्षीकरण निवेदनको सुनुवाई,
३. बाल सुधार गृहमा रहेका बालबालिका जिम्मा लिने सम्बन्धी निवेदनको सुनवाई,
४. अभियोगपत्र दर्ता गर्ने, प्रहरी द्वारा पक्राउ परि आएका अभियुक्तको बयान तथा थुनछेक आदेश,
५. फैसला कार्यन्वयन सम्बन्धी थुनुवा कैदीको निवेदन दर्ता र सुनुवाई,
६. मुद्दा फिर्ता, मिलापत्र सम्बन्धी कार्य,
७. कसूर ठहर भएका मुद्दामा सजाय निर्धारण सम्बन्धी सुनुवाई,
८. अङ्ग पुगेका थुनुवा प्रतिवादी भएका सरकारवादी फौज़दारी मुद्दाको सुनुवाई,
९. घरेलु हिंसा सम्बन्धी निवेदनको दर्ता र अन्तरिम संरक्षणात्मक आदेश सम्बन्धी सुनुवाई,
१०. यस अवधिभित्र हदम्याद अन्तिम भएका मुद्दाको फिरादपत्र, प्रतिउत्तर पत्र दर्ता गर्दा तथा चालु मुद्दामा तारिख लिदां दिदां स्वास्थ्य मापदण्डको पूर्ण पालना गरी समाजिक दुरी कायम गरी दर्ता तथा तारिख लिने दिने कार्य गर्ने,

पुनश्च : अभियोग पत्र साथ उपस्थित गराईएका वा प्रहरीले पक्राउ गरी उपस्थित गराएका फरार प्रतिवादीको PCRTest गरी पेश गर्नुपर्ने ।